काठमाडौँ महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बागमती प्रदेश

## मिति २०८० असोज ३० गते बसेको तेइसौं नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः

**प्रस्ताव नं. १. काठमाडौँ मेट्रो आइडिया एण्ड इनोभेसन २०८० को निर्देशक समिति (Steering Commitee) गठनको अनुमोदन गर्ने सम्बन्धमा ।**

निर्णयः

काठमाडौँ महानगरपालिका सहरी योजना आयोग अन्तर्गत सञ्चालित काठमाडौँ मेट्रो आइडिया एण्ड इनोभेसन २०८० को देहाय बमोजिमको निर्देशक समितिको गठन अनुमोदन गर्ने निर्णय गरियो ।

देहायः

१. श्री बालेन्द्र शाह, नगर प्रमुख - अध्यक्ष
२. श्री सुनिता डंगोल, उपप्रमुख - सदस्य
३. श्री बसन्त अधिकारी, प्रमुख प्रशासकीय अधिकृत - सदस्य
४. श्री राम कुमार के.सी., संयोजक, सामाजिक समिति - सदस्य
५. श्री नरोत्तम अर्याल, प्रेसिडेन्ट अफ किंस कलेज - सदस्य
६. श्री विभुषण विष्ट, कार्यकारी प्रेसिडेन्ट, कोडिङमाउन्टेन प्रा.लि.- सदस्य
७. श्री तपेन्द्र बहादुर खड्का, उपाध्यक्ष, सहरी योजना आयोग - सदस्य सचिव

**प्रस्ताव नं. २. देहाय बमोजिमको कार्यविधि स्वीकृत गर्ने सम्वन्धमा ।**

(क) “विद्यालय शिक्षक दरबन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन कार्यविधि, २०८०”
(ख) श्रोत शिक्षक नियुक्ति कार्यविधि, २०८०
(ग) काठमाडौँ महानगरपालिका अस्पतालहरुमा निशुल्क उपचार सेवा उपलब्ध गराउने कार्यविधि, २०८०
(घ) गौरव तथा स्वर्णिम योजना सञ्चालन कार्यविधि, २०८०
(ङ) टोल विकास संस्था सञ्चालन कार्यविधि, २०८०
(च) श्रम बैंक सञ्चालन कार्यविधि, २०८०
(छ) मर्मत सम्भार कोष संञ्चालन कार्यविधि, २०८०
(ज) कन्टिन्जेन्सी सम्वन्धी कार्यविधि, २०८०

निर्णयः

देहायका कार्यविधि संशोधन सहित स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।
(क) “विद्यालय शिक्षक दरबन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन कार्यविधि, २०८०” (ख) श्रोत शिक्षक नियुक्ति कार्यविधि, २०८० (ग) काठमाडौँ महानगरपालिका अस्पतालहरुमा निशुल्क

उपचार सेवा उपलब्ध गराउने कार्यविधि, २०८० (घ) गौरब तथा स्वर्णिम योजना सञ्चालन कार्यविधि, २०८० (ङ) टोल विकास संस्था सञ्चालन कार्यविधि, २०८० (च) श्रम बैंक सञ्चालन कार्यविधि, २०८० (छ) मर्मत सम्भार कोष संञ्चालन कार्यविधि, २०८० (ज) कन्टिन्जेन्सी सम्वन्धी कार्यविधि, २०८० ।

**प्रस्ताव नं. ३. देहायका कानुन तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने सम्वन्धमा ।**

(क) राजश्व संकलन तथा लक्ष्य निर्धारण कार्यविधि, २०८०
(ख) सेवा प्रवाहको मापदण्ड (SOP) स्ट्याण्डर्ड अपरेशन प्रोसिडियुर कार्यविधि, २०८०
(ग) कानुनी सहायता कार्यविधि, २०८०
(घ) सार्वजनिक खरिद सम्वन्धी मार्गदर्शन, २०८०
(ङ) भवन निर्माण कार्यविधि, २०८०
(च) सहकारी नियमावली, २०८०
(छ) संकटग्रस्त सहकारी व्यवस्थापन कार्यविधि, २०८०
(ज) शिक्षकको सुनौलो अवकाश कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०
(झ) पुस्तकरहित शुक्रवार कार्यक्रम सञ्चालन कार्यविधि, २०८०
(ञ) शैक्षिक परामर्श केन्द्र, मन्टेश्वरी/पूर्व प्रा.वि. तथा ट्यूशन/कोचिङ सेन्टर दर्ता सञ्चालन सम्वन्धी कार्यविधि, २०८०
(ट) संस्थागत विद्यालयको स्तरीकरण, शुल्क निर्धारण तथा सञ्चालन सम्वन्धी कार्यविधि, २०८०
(ठ) सुन्दर विद्यालय आयोजना सञ्चालन कार्यविधि, २०८०
(ड) शिक्षा नियमावली, २०८०
(ढ) बाल अधिकार प्रवर्धन तथा बाल संरक्षण सम्वन्धी कार्यविधि, २०८०
(ण) अनुसन्धान तथा अन्वेशन केन्द्र सञ्चालन कार्यविधि, २०८०
(त) काठमाडौं मेट्रो आइडिया एण्ड इनोभेसन कार्यक्रम सञ्चालन कार्यविधि, २०८०
(थ) काठमाडौं महानगरपालिका लेखा समिति कार्य सञ्चालन निर्देशिका, २०८०
(द) सार्वजनिक शौचालय निर्माण, सञ्चालन र व्यवस्थापन कार्यविधि, २०८०
(ध) कर्मचारी स्वच्छिक अवकाश कार्यविधि, २०८०
(न) उपभोक्ता समितिको गठन व्यवस्थापन तथा सञ्चालन सम्वन्धी कार्यविधि, २०८०
(प) पार्क व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८०

निर्णयः

देहायका कानुन तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने निर्णय गरियो ।
(क) राजश्व संकलन तथा लक्ष्य निर्धारण कार्यविधि, २०८० (ख) सेवा प्रवाहको मापदण्ड (SOP) स्ट्याण्डर्ड अपरेशन प्रोसिडियुर कार्यविधि, २०८० (ग) कानुनी सहायता कार्यविधि, २०८० (घ) सार्वजनिक खरिद मार्गदर्शन, २०८० (ङ) भवन निर्माण कार्यविधि, २०८० (च) सहकारी नियमावली, २०८० (छ) संकटग्रस्त सहकारी व्यवस्थापन कार्यविधि, २०८० (ज) शिक्षकको सुनौलो अवकाश कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० (झ) पुस्तकरहित शुक्रवार कार्यक्रम सञ्चालन कार्यविधि, २०८० (ञ) शैक्षिक परामर्श केन्द्र, मन्टेश्वरी/पूर्व प्रा.वि. तथा ट्यूशन/कोचिङ सेन्टर दर्ता सञ्चालन सम्वन्धी कार्यविधि, २०८० (ट) संस्थागत विद्यालयको स्तरीकरण, शुल्क निर्धारण तथा सञ्चालन सम्वन्धी कार्यविधि, २०८० (ठ) सुन्दर विद्यालय आयोजना सञ्चालन कार्यविधि, २०८० (ड) शिक्षा नियमावली, २०८० (ढ) बाल अधिकार प्रवर्धन तथा बाल संरक्षण सम्वन्धी

कार्यविधि, २०८० (ण) अनुसन्धान तथा अन्वेशन केन्द्र सञ्चालन कार्यविधि, २०८० (त) काठमाडौं मेट्रो आइडिया एण्ड इनोभेसन कार्यक्रम सञ्चालन कार्यविधि, २०८० (थ) काठमाडौं महानगरपालिका लेखा समिति कार्य सञ्चालन निर्देशिका, २०८० (द) सार्वजनिक शौचालय निर्माण, सञ्चालन र व्यवस्थापन कार्यविधि, २०८० (ध) कर्मचारी स्वच्छिक अवकाश कार्यविधि, २०८० (न) उपभोक्ता समितिको गठन व्यवस्थापन तथा सञ्चालन सम्वन्धी कार्यविधि, २०८० (प) पार्क व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०८० ।

**प्रस्ताव नं.** ४. काठमाडौं महानगरपालिकामा नियुक्ती भई कार्यरत कानुनी सल्लाहकारहरुको म्याद थप गर्ने सम्वन्धमा ।

निर्णयः

काठमाडौं महानगरपालिका नगर कार्यपालिमा सेवा करारमा कार्यरत कानुनी सल्लाहकारहरुको म्याद २०८० भाद्र १५ गतेबाट सकिएकोले म्याद सकिएको मितिबाट २०८० कार्तिक १५ गतेसम्म थप गर्ने निर्णय भयो ।

प्रस्ताव नं. ५ काठमाडौं महानगरपालिका वडा नं. २९ को कार्यालय भवन, शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र लगायतको जग्गा प्राप्ती सम्वन्धमा ।

निर्णयः

काठमाडौं महानगरपालिका २९ नं. वडा कार्यालयको क्षेत्र अन्तर्गत अनामनगर स्थित कित्ता नं. ८, ९ र १० को क्षेत्रफल क्रमशः १-१-०-०, ०-१४-०-० र १-१-०-० को नेपाल सरकारको नाममा रहेको जग्गामा सार्वजनिक प्रयोजनका लागि वडा कार्यालय भवन, खुल्ला व्यायामशाला तथा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र निमांण गर्न उक्त जग्गाको भोगाधिकार प्राप्तिका लागि नेपाल सरकारलाई अनुरोध गर्न आवश्यक प्रकृया शुरु गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६  डा. गौरी शंकरलाल दासको अभिनन्दन कार्यक्रममा भएको खर्च भुक्तानी सम्वन्धमा ।

निर्णयः

काठमाडौं महानगरपालिका वडा नं. ७ निवासी डा. गौरी शंकर लाल दासज्यूलाई दिव्य शताब्दी पुरुषको रुपमा सम्मानस्वरुप सतवार्षिकी समारोह आयोजना गरी काठमाडौं महानगरपालिकको तर्फवाट नागरिक अभिनन्दन कार्यक्रम गर्दा लागेको जम्मा खर्च रु.११,६१,८१२।२७ (एघार लाख एकसठ्ठी हजार आठसय वाह्र रुपैंया र पैसा सत्ताईस मात्र) मध्ये रु. १० लाख सामाजिक विकास विभागको **श्रष्टा सम्मान कार्यक्रम शीर्षकवाट** र वाँकी रकम रु. १,६१,८१२।२७ (एक लाख एकसठ्ठी हजार आठसय वाह्र रुपैंया र पैसा सत्ताईस मात्र) उपयुक्त शीर्षकवाट भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. ७ काठमाडौँ महानगरपालिका वडा नं. ४ धुम्बाराहीस्थित तस्वा: देग: मन्दिर परिसरमा भएको निर्माण कार्यको म्याद थप गर्ने सम्वन्धमा ।

निर्णय:

का.म.पा. ४ धुम्बाराही स्थित तस्वा: देग: मन्दिर परिसरमा पाटी निर्माण कार्यको लागि श्री एल.पी.आर. कन्सट्रक्सन लाई कार्यादेश दिएकोमा विविध कारणले तोकिएको समयमा कार्य सम्पन्न हुन नसकेकोले सन्तोषजनक रुपमा कार्य सम्पन्न भएको उक्त योजनाको नियमानुसार मिति २०८० कार्तिक मसान्तसम्म म्याद थप गरी अन्तिम बिल भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ काठमाडौँ महानगरपालिका वडा नं. ३० कार्यालय भवन निर्माणको लागि जग्गा लिजमा लिने सम्वन्धी मिति २०८०/५/१७ मा भएको सम्झौता अनुमोदन गर्ने सम्वन्धमा ।

निर्णय :

काठमाडौँ महानगरपालिका वडा नं. ३० कार्यालयको लागि जग्गा लिजमा लिने सम्वन्धी काठमाडौँ महानगरपालिका ३० नं. वडा समितिको मिति २०८०/५/१७ गते भएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९. काठमाडौँ महानगरपालिका वडा नं. ६ मा साहित्य सदन रामहिटीको निर्माणाधिन भवनको भेरिएशन स्वीकृत तथा म्याद थप गर्ने सम्वन्धमा ।

निर्णय :

का.म.पा. वडा ६ स्थित साहित्य सदन भवन निर्माण गर्ने सन्दर्भमा बौद्ध, रामहिटी स्थित सि.नं. १०२-१०२८-०९ कित्ता नं. ९० अन्तर्गत क्षेत्रफल २-११-० नेपाल सरकारको नाममा दर्ता भएको जग्गामा साहित्य सदन भवन निर्माणमा २०८० साल असोज मसान्तसम्म म्याद थप गर्न एवं संशोधित लागत अनुमान अनुसारको कम भेरिएसन स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १० काठमाडौँ महानगरपालिका जनप्रतिनिधिको सुविधा सम्वन्धी ऐन, २०७९ मा पहिलो संशोधन प्रस्ताव नगर सभामा पेश गर्ने सम्वन्धमा ।

निर्णय :

काठमाडौँ महानगरपालिका जनप्रतिनिधिको सुविधा सम्वन्धी ऐन, २०७९ मा पहिलो संशोधन प्रस्ताव आगामी नगर सभामा पेश गर्ने गरी सैद्धान्तिक सहमति दिने निर्णय गरियो ।

प्रस्ताव नं. ११ पूर्वाधार समितिको संयोजक तोक्ने सम्वन्धमा ।

निर्णयः

काठमाडौँ महानगरपालिका विषयगत समिति गठन सम्वन्धी कार्यविधि, २०८० को दफा ३(२) बमोजिम पूर्वाधार समितिको संयोजकमा काठमाडौँ महानगरपालिका वडा नं. १९ का वडा अध्यक्ष श्री राजेश कुमार श्रेष्ठ र सदस्यमा १६ नं. वडाका का.वा. अध्यक्ष श्री पुष्प महर्जनलाई तोक्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२ का.मु. नगर प्रहरी बरिष्ठ उपरीक्षक तोक्ने सम्वन्धमा ।

निर्णय :

काठमाडौँ महानगरपालिका नगर प्रहरी बलमा कार्यरत योग्यताक्रम १ मा रहेको श्री राजुनाथ पाण्डेलाई नगर प्रहरी उपरीक्षक तह (आठौं)बाट बरिष्ठ उपरीक्षक तह (नवौं)मा कायम मुकायम तोक्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३ शहरी स्वास्थ्य प्रवर्धन केन्द्र वडा नं. १९ को स्वामित्व लिने सम्वन्धमा ।

निर्णयः

विभागको राय अनुसार काठमाडौं महानगरपालिका शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र वडा नं १९ मा मेड्सा डु मोन्ड फान्सको आर्थिक सहयोगमा सन् २०२२ देखि २०२३ अक्टोबर १४ सम्मको लागि सम्झौता भई शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र संचालन भैरहेकोमा सम्झौता समाप्त भएकाले तहाँबाट उपलब्ध हुने सेवा प्रवाहलाई निरन्तरता दिन सम्पत्ति, दायित्व जे जस्तो अवस्थामा छ सोही अवस्थामा काठमाडौँ महानगरपालिकाको मातहतमा ल्याउने र जनशक्तिको हकमा निजहरुको कार्य सम्पादनको मुल्यांकनको आधारमा काममा लगाउने निर्णय गरियो ।